# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY

**Office of Municipal Executive**

Bhratpur, Chitwan, Nepal

प.सं.
च.नं. ६९४३

मितिः २०८०/४/२४

श्री वडा कार्यालय सबै (१ देखि २९),
भरतपुर महानगरपालिका

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा भरतपुर महानगरपालिकालाई सर्वपक्षिय विकासमा सन्तुलन कायम गर्दै महानगरलाई स्वच्छ, सफा र सुन्दर रुपमा स्थापित गर्ने उद्धेश्यले हरेक महिनाको पहिलो र तेश्रो शुक्रबार (बिहान ७.०० बजे देखि ८.००बजे सम्म) सरसफाई अभियान सञ्चालन गर्ने भरतपुर महानगरपालिका नगर कार्यपालिकाको मिति २०८०/३/२६को ८३औं बैठकको निर्णय बमोजिम आ-आफ्नो वडामा सरसफाई गरि अभियान सफल पारिदिनुहुन निर्णयको छायाँ प्रति यसै पत्रसाथ पठाईको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यस अभियान अन्तर्गत सम्पन्न गरेका प्रत्येक कार्यक्रमको प्रतिवेदन तपशिलको ढाँचामा माईन्यूटको छाँया प्रति सहित वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा पठाउनुहुन जानकारी गराइन्छ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम गरेको मिति | कार्यक्रम गरेको स्थान | कार्यक्रम संयोजक/नेतृत्वकर्ताको नाम | उपस्थिति संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

बोधार्थः सुचना तथा सञ्चार प्रविधि महाशाखा, भरतपुर म.न.पा. सबै वडाहरुलाई जानकारीको लागि वेबसाईटमा अपलोड गरिदिनुहुन्।

ओम प्रसाद पाण्डे
उप- सचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014

<table>
<tr><td></td><td></td><td>केन्द्रीय बस टर्मिनल र नारायणगढ बसपार्क (पोखरा बसपार्क) तथा बसपार्कमा निर्मित पसल, सटर कवलहरूको एउटै एकीकृत बोलपत्र तयार गरी ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।</td></tr>
<tr><td></td><td>०८०।६।२६ ८३औं बैठक निर्णय ।</td><td>फोहोरमैला व्यवस्थापन सम्बन्धमा भरतपुर महानगरपालिका र वातावरणीय सुन्दर नेपाल प्रा. लि. बुटवल- ७ (ठेक्का नं: Metro/Bhr/0/NCB/07/077/078) र भरतपुर महानगरपालिका र वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि.काठमाण्डौं (ठेक्का नं : Metro/Bhr/0/NCB/09/077/078) बीच भएको ठेक्का सम्झौताको म्याद २०८०।०३।३० सम्म रहेकोले अर्को व्यवस्था नभएसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>११.</td><td>योजनाको स्रोत सुनिश्चितता संशोधन सम्बन्धमा ।</td><td>मिति २०८०।०२।३२ गतेको कार्यपालिकाको निर्णयबाट स्रोत सुनिश्चितता भएको (निर्णय नं. ८.१३) योजना वडा नं. २१ अन्तर्गत पाण्डे चोकदेखि स्वास्थ्य चौकीसम्म सडक कालोपत्रे गर्ने योजनाका लागि सङ्घीय समपुरक योजनाबाट रकम विनियोजन भएकोले सो योजनाको सट्टा देहाय बमोजिमको योजनाको लागि स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो ।
<table>
<tr><th>साविकको स्रोत सुनिश्चित योजना</th><th>संशोधन गरिएको योजना</th></tr>
<tr><td>वडा नं. २१ अन्तर्गत पाण्डे चोकदेखि स्वास्थ्य चौकीसम्म सडक कालोपत्रे (जम्मा लागत अनुमान रु. २,५१,८२५४८।-)</td><td>• वडा नं २७ पिपरा पुलदेखि लम्बोदर गिरीको घर हुँदै राधिका ढुंगानाको घरसम्म सडक रु. १५७७००३२.६७<br>• वडा नं. १८ को बगैंचा कटेजदेखि गुरुङ गुम्बासम्मको सडक कालोपत्रे रु ७७,१२०००।-<br>• हिमाली पथ र पुरानो सिनर्जीदेखि नयाँ सिर्नजीसम्म सडक कालोपत्रेको लागि थप बजेट रु. १७१२३३२.५५( ८१ औं बैठकको निर्णय नं.८.९ मा समावेश भएकोमा थप)</td></tr>
</table></td></tr>
<tr><td>१२.</td><td>हरियाली प्रवर्द्धन र सरसफाई अभियान सम्बन्धमा ।</td><td>स्वच्छ, सुन्दर र हराभरा महानगर निर्माणको लागि महानगर र सबै वडा कार्यालयहरूको अगुवाइमा जनसंलग्नता र जनचेतना अभिवृद्धि गर्दै सरसफाई अभियान हरेक महिनाको दोस्रो शुक्रबार सञ्चालन गर्ने र वातावरण तथा विपद् व्यवस्थापन महाशाखाले समन्वय र सहजीकरण गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>१३.</td><td>विविध</td><td></td></tr>
</table>

(च) महाशाखाले वडा कार्यालयहरूको सरसफाइ अभियानको अभिलेख तयार गर्नेछ । महानगरको कार्यपालिकाको बैठकमा मासिक प्रतिवेदन पेश गर्नेछ ।

(छ) उत्कृष्ट कार्य गर्ने वडा, टोल, समूह, समिति वा संस्थालाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

२. वडास्तरीय अभियान कार्यक्रम

(ज) वडा अध्यक्षको नेतृत्वमा वडा समिति, कर्मचारीहरू, सामाजिक संघ संस्था र टोल विकास समितिहरू अभियानमा संलग्न हुनेछन् ।

(झ) वडा कार्यालयले हरियाली तथा सरसफाइ कार्यक्रमका बारेमा सम्बन्धित टोल विकास समितिलाई २ दिन अघि जानकारी गराउनेछ र सोही बमोजिम टोल विकास समितिले आफ्नो घरधुरी सदस्यलाई उपस्थितिका लागि सूचना समन्वय गर्नेछन् ।

(ञ) महिनाको पहिलो र तेस्रो शुक्रबार विहान ७ बजेदेखि ८ बजेसम्म अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

(ट) वडा कार्यालयले वडास्तरीय अभियानको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(ठ) प्रत्येक कार्यक्रमको प्रतिवेदन तयार गरी वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा पठाउनुपर्नेछ ।

(ड) हरियाली प्रवर्धन र सरसफाइ सम्बन्धी क्रियाकलापका फोटो र भिडियोहरू महानगरको आधिकारिक सामाजिक सञ्जालमा अपलोड गर्नुपर्नेछ ।

अभियान कार्यक्रममा समेटिने क्रियाकलापहरू

(क) सडक, गल्ली, पेटी, चोक, सडक छेउ, खुल्ला स्थान सरसफाइ

(ख) खोला, नाला, नदी छेउ, मुहान, धारा सरसफाइ

(ग) धार्मिक तथा पर्यटकीय स्थलहरूको सरसफाइ

(घ) कार्यालयहरूको सरसफाइ

(ङ) सडक छेउ, मिडियन, पार्क तथा खुल्ला स्थानमा वृक्षारोपण

(च) रुखको गोडमेल, पानी सिंचाइ

(छ) सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम

(ज) वृक्षारोपण सम्बन्धी सचेतना कार्यक्रम

## हरियाली प्रवर्धन र सरसफाई अभियान कार्यक्रम

"मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर" हाम्रो अवधारणालाई साकार पार्न आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक तथा वातावरणीय पक्षको सन्तुलित विकासलाई द्रुत गतिमा अगाडि बढाउन आवश्यक देखिन्छ । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट मार्फत् यी सर्वपक्षीय विकासका रुपलाई साथसाथै लैजाने गरी व्यवस्था गरिएका छन् । जसरी भरतपुर महानगरपालिका भित्र भौतिक पूर्वाधारको विकास भएको छ त्यसरी नै त्यसलाई वातावरणीय रुपले सन्तुलित, सुरक्षित र मनोरमयुक्त बनाउन महानगरवासी लाग्नुपर्ने भएको छ । हाम्रो विकास हामी आफै जागरुक भई नलागेसम्म हुन सक्दैन । त्यसैले नागरिकको अनिवार्य सहभागितामा स्वच्छ तथा सरसफाई युक्त महानगर बनाउन अभियान थालनी गर्नुपर्ने देखिन्छ । साथै हाम्रा सडकका छेउहरू, पार्कहरू, खाली स्थानहरूमा सौन्दर्ययुक्त फलफूल लगायतका बोटहरू वृक्षारोपण गरी हरियाली शहर बनाउन पनि अभियानको जरुरत रहेको छ ।

## हरियाली प्रवर्धन र सरसफाई अभियान कार्यक्रम

१. महानगरपालिका स्तरीय अभियान कार्यक्रम

(क) महानगरपालिकाका नगर प्रमुखको नेतृत्वमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र महानगरपालिका कार्यालयका कर्मचारी, जिल्लास्थित सरकारी कार्यालयहरू, सुरक्षा निकायहरू, सामाजिक संघसंस्थाहरू अभियानमा संलग्न हुनेछन् ।

(ख) महानगरपालिकाको टोलीले २ दिन अघि अभियान सञ्चालन गरिने वडा, टोल, सडक वा सार्वजनिक स्थानको जानकारी सम्बन्धित वडालाई दिनेछ । वडाले अनिवार्य रुपमा टोलको सहभागिताको व्यवस्था मिलाउनेछ ।

(ग) वातावरण तथा विपद् व्यवस्थापन महाशाखाले यस अभियानको सचिवालयको काम गर्नेछ । सुचना प्रवाह र सामाग्री व्यवस्थापन नगर प्रहरीको सहयोगमा हुनेछ ।

(घ) महिनाको पहिलो र तेस्रो शुक्रवार विहान ७ बजेदेखि ८ बजेसम्म हरियाली प्रवर्धन र सरसफाई अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) अभियानमा आवश्यक पर्ने सामाग्रीहरू जस्तै मास्क, पन्जा, झाडु, गैंचा र बेल्चा आदिको व्यवस्था वातावरण तथा विपद् व्यवस्थापन महाशाखाले गर्नेछ ।